# Ⅴ　यातायात

## Ⅴ-1　यातायात संस्था

### 1.　ट्रेन（JR, निजी रेलवे, सबवे）

रेलको टिकट रेल स्टेसनमा रहेको टिकट बिक्रि मेसिन बाट किन्न सकिन्छ। तपाई कहाँ सम्म जाने हो, त्यहाँ सम्मको भाडादर निश्चित गरि टिकट किन्नु होला। यदि टिकट किन्दा गल्ति गर्नु भयो भने स्टेसनको गेट नजिक हुने स्टेसन मास्टरलाई खबर गर्नु भो भने उहाले सहि टिकट दिनु हुने छ। त्य्स बाहेक निम्न सुबिधा हरु पनि उपलब्ध छन्।

- इकोउका ICOCA： प्रिपेड कार्ड जुन JR मा प्रयोग गर्न सकिन्छ。यदि तपाईं रेलमा चढ्नु अघि इकोउका चार्ज गर्नु भयो भने, निम्नलिखित पिटापा यातायात सहित देशभरि आईसी मार्क भएका रेल अनि बस मा प्रयोग गर्न सक्नुहुनेछ।
- पिटापा（PITAPA）: कान्साई क्षेत्रको निजी रेल, सबवे, पिटापा मार्कका साथ बसका लागि पोस्टपेड कार्डहरू (आईसी कार्ड) ।
- रेल कम्युटर पास कुपन: रेलको निश्चित दुरी जो तपाई महिना भरि प्रयोग गर्नु हुन्छ मा काम लाग्छ। 11 वटा कुपन टिकट, 1 महिना, 3 महिना 6 महिनाको कम्युटर पास मध्ये कुनै पनि खरीद गर्न सक्नु हुनेछ।

### 2.　रुट बस

रुट बसमा कन्डक्टरहरू हुदैनन् । बसमा चढ्नु अघि बसको गन्तव्य जाँच गर्नुहोस्। बसको अन्तिन्म गन्तब्य बसको अगाडी अनि पछाडिको ज्यालमा लेखिएको हुन्छ।

कुनै बसमा जहाँ सम्म चदे पनि एकै भाडा दर लाग्छ भने कुनैमा दुरी अनुसार भाडा लाग्छ। बसको भाडा डर र आफ्नो टिकट मा लेखिएको नम्बर चेक गरि ,ओर्लने बेलामा आफ्नो भाडा तिर्ने बक्समा हालेर भाडा तिर्नु होला। बसले आफु ओर्लने स्टेसन भने पछि,ओर्लनको लागि प्रयोग गरिने बटन थिच्नुहोस र बस रोकी सकेपछि उत्रनुहोस।

### 3.　ट्याक्सी

ट्याक्सीको लागि ट्याक्सी रोक्न सजिलो हुने ठाउमा उभिएर, ट्याक्सीको अगाडी ट्याक्सी खाली रहेको रातो साइन हेरी, ट्याक्सी लाई हातले इसारा दिई रोक्नुहोस। रेल स्टेसन नजिक ट्याक्सी रोकी राख्ने ठाउँ निश्चित गरिएको हुन्छ। ट्याक्सीमा चदिसकेपछि आफु जाने ठाउँ इस्पस्त संग जानाकारी गरौनुहोस। जाने ठाउको नाम, ठेगानाको मेमो र नक्क्सा भयो भने सजिलो हुन्छ। ट्याक्सीको भाडा दुरी र ट्याक्सी चड्ने समयले निर्धारण हुन्छ।ट्याक्सीवाला संग 5,000 र 10,000 को नोट को छुट्टा नहुने पनि हुदा सचेत रहौ।

### 4. सफरमा समान छुटे या हराएमा

① JR पश्चिम जापान ग्राहक केन्द्र

☎0570－00－2486（जापानी भाषा मात्र）（दैनिक बिहान 6:00 – 23:00 बजे सम्म）

② सबवे

☎0570－6666－24（जापानी भाषा मात्र）（दैनिक बिहान 8:00 – 24:00 बजे सम्म）

③ ओसाका सिटि बस: कृपया बस कार्यालयमा सम्पर्क गर्नुहोस्

④ ओसाका ट्याक्सी केन्द्र

☎06－6933－5618/9（जापानी भाषा मात्र）

（सोम -शुक्र 9:00 -17:00, सनि देखि 9:00- 12:00 सम्म）